नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
कार्य एवं अपराध अनुसन्धान विभाग
(अ.अ. प्रशासन शाखा)

फोन: ०१-४४१२७८३
Ext: ०१-४४११२१०, ४१७, ४३८
फ्याक्स : ०१-४४१२६०२
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

पत्र संख्या: ५।१७ (०७७-०७८)    च.नं. ९०    मिति: २०७७।०४।०४ गते।

प्रा.प.सं. :

विषय: प्रहरी चारित्रिक प्रमाण पत्र वितरण तथा प्रमाणिकरण सम्बन्धमा।

श्री महानगरीय प्रहरी कार्यालय, रानीपोखरी।
श्री प्रदेश प्रहरी कार्यालय ७ (सात) सबै।

प्रस्तुत विषयमा प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग चालचलन शाखाले प्रहरी चारित्रिक प्रमाण पत्रको लागि आवेदन दिने स्वदेश तथा विदेशमा रहेका नेपाली, नेपालमा रहेका विदेशी नागरिकहरू, नेपालमा बसेका शरणार्थीहरुलाइ अभिलेख चेक जाँचको आवश्यक प्रक्रिया पुरा गरी सहज तरिकाले प्रहरी चारित्रिक प्रमाण पत्रको लागि उपत्यका स्थित ६ वटा सेक्टरहरू लगायत सातै प्रदेश प्रहरी कार्यालयहरूबाट समेत आवेदन सङ्कलन गरी आपराधिक अभिलेखको आवश्यक प्रक्रिया पुरा गरी सम्बन्धित सेक्टर तथा प्रदेशहरूबाट नै चारित्रिक प्रमाण पत्र वितरण गर्दै आएकोमा मिति २०७६।०६।२४ गतेदेखि Online बाट प्रहरी चारित्रिक प्रमाण पत्र वितरण प्रक्रिया सुरु गरिएकोमा मिति २०७६।१२।११ गते देखि कोरोना भाइरस रोग (COVID -19) को सङ्क्रमण रोक्न नेपाल सरकारले लकडाउन लागु गरे सँगै सेक्टर तथा प्रदेश प्रहरी कार्यालयहरूबाट आवेदन सङ्कलन गर्ने प्रक्रिया बन्द गरी Online Registration System मार्फत मात्र आवेदन लिई Online System द्वारा QR Code र Verifying Security Measure सहितको Soft Copy उपलब्ध गराउँदै आइएको ब्यहोरा समेत जानकारीको लागि अनुरोध गरिएको छ।

चालचलन शाखाबाट जारी हुने प्रहरी चारित्रिक प्रमाण पत्रको सक्कल प्रतिमा नै कन्सुलर सेवा विभागबाट प्रमाणीकरण हुँदै आएकोमा सरकारी सेवालाई Online मार्फत छिटो, छरितो, प्रभावकारी एवं सेवाग्राही मैत्री बनाउन नेपाल सरकारको नीतिबमोजिम मिति २०७७।०२।१६ को (मा.परराष्ट्रमन्त्रीस्तर) निर्णय भई अबोप्रान्त नेपाल प्रहरीबाट Online बाट जारी हुने प्रहरी चारित्रिक प्रमाण पत्रहरूलाई निवेदक स्वयम्ले रङ्गिन प्रिन्ट गरी सम्बन्धित नेपाल स्थित विदेशि नियोगहरूमा प्रमाणीकरण विना नै पेस गर्न सकिने प्रमाणित प्रति नै पेस गर्नु पर्ने अवस्थामा सोही रङ्गिन प्रिन्टमा नै आवश्यक शुल्क तिरी प्रमाणित गर्न सकिने हुँदा सो सम्बन्धमा तहाँ मातहतका कार्यालयहरुबाट समेत सम्पूर्ण सेवाग्राहीहरूमा जानकारी गराई Online बाट प्रहरी चारित्रिक प्रमाण पत्र आवेदन गर्ने कार्यलाई प्रोत्साहन गर्न प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध गरिएको छ।

साथै उल्लेखित सूचना नेपाल सरकार परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागको आधिकारिक **website (https://nepalconsular.gov.np/np/news/23)** मा समेत हेर्न सकिने व्यहोरा जानकारीको लागि अनुरोध गरिएको छ।

प्रहरी अतिरिक्त महानिरीक्षक
(हरि बहादुर पाल)

*बोधार्थ :-*
श्री प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, नक्साल।
श्री प्रहरी प्रधान कार्यालय, कार्य एवं अपराध अनुसन्धान विभाग,
चालचलन शाखा।

# प्रहरी प्रतिवेदन (Police Clearance Certificate) प्रमाणीकरण

## सम्बन्धी सूचना

नेपाल प्रहरीबाट जारी हुने प्रहरी प्रतिवेदन (Police Clearance Certificate) को सक्कल प्रति (Hard Copy) मा नै यस विभागबाट प्रमाणीकरण हुदैंआएकोमा सरकारी सेवालाई Online मार्फत छिटो, छरितो, प्रभावकारी एवं सेवाग्राही मैत्री बनाउन नेपाल सरकारको नीतिबमोजिम यस विभागको प्रतिबद्धता अनुरूप प्रहरी प्रतिवेदनको प्रमाणीकरण सम्बन्धमा अबदेखि देहायबमोजिम हुने ब्यहोरा मिति २०७७/०२/१६ को निर्णयानुसार (मा. परराष्ट्रमन्त्रीस्तर) सम्बन्धित सबैमा अनुरोध गरिन्छः

**देहायः**

१। नेपाल प्रहरीबाट Online मार्फत जारी हुने प्रहरी प्रतिवेदन (Police Clearance Certificate) लाई निवेदक स्वयंले Online मार्फत रङ्गीन Print गरी काठमाडौंस्थित विदेशी नियोगहरूमा यस विभागको प्रमाणीकरण बिना नै पेश गर्न सकिने।

२। विदेशमा रहेका नेपालीहरूले विदेशको सम्बन्धित निकायमा प्रहरी प्रतिवेदन पेश गर्दा Online बाट आफैले प्रिन्ट गरेको रङ्गीन प्रति पेश गर्ने र सोको आधिकारिक्ता Online बाट बुझ्न सकिने ब्यहोरा उक्त निकायलाई जानकारी गराउने । तथापि नेपाली नियोगबाट प्रमाणित प्रति नै पेश गर्नु पर्ने भएमा आफू बसेको देश हेर्ने नेपाली नियोगमा निवेदक स्वयंले Online मार्फत Print गरेको प्रहरी प्रतिवेदनको रङ्गीन प्रतिमा आवश्यक शुल्क तिरी प्रमाणीकरणका लागि निवेदन दिन सक्ने । यसरी प्रहरी प्रतिवेदन नेपाली नियोगमा पेश गर्नु पूर्व यस विभागबाट प्रमाणीकरण गर्नु नपर्ने । यस सम्बन्धमा विदेशस्थित सबै नेपाली नियोगहरूलाई परिपत्र गरिसकिएको ।

३. अनलाइनबाट प्रिन्ट गरिएको प्रहरी प्रतिवेदनको कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गर्नु पर्ने भएमा निवेदकले मनासिव कारण र प्रमाण सहित अनुरोध गरेमा मात्र उक्त प्रतिवेदनको सक्कल प्रति वा रङ्गीन प्रति (Color Print) मा प्रमाणित गर्न सकिने ।

४. यसरी पेश गरिने प्रहरी प्रतिवेदनको आधिकारिकता Online बाट बुझ्न सकिने हुँदा झुठा विवरण वा प्रतिवेदन पेश गरेको पाइएमा कानूनबमोजिम कडा कारवाही हुने ।

कन्सुलर सेवा विभाग,
नारायणहिटी ।
मिति २०७७/०२/२०